The School District of Philadelphia

**Southwark Elementary School**

*"A Smile is the Same in Any Language"*

***Mr. Andrew Lukov**, Principal*

1835 South 9th Street Philadelphia, PA 19148
Phone: 215-952-8606 FAX: 215-952-8670

# साउथवार्क प्राथमिक बिद्यालय उत्पिडन र दुर्व्येवहार निती

**उत्पिडन भनेको के हो?**

आफुले आफुलाई रक्षा गर्न नसक्ने व्यक्तिलाई बारम्बार र जानिजानी निर्दय वा अरु हानी पुराउने कुराहरु गर्ने वा भन्नेलाई उत्पिडन भनिन्छ। उत्पिडनको तीन वटा महत्वपूर्ण भाग हुन्छ:

1. आक्रमक व्यवहार सम्मिलित हुन्छ
2. बारम्बार एउटा व्यवहार संलग्न हुन्छ
3. शक्ती र बल असन्तुलित भएको

उत्पिडन प्रत्येक्ष हुन सक्छ जस्तै: हिर्काउने, थर्काउने, र जिस्क्याउने। उत्पिडन अप्रत्येक्ष पनि हुन सक्छ:अरुको बारे हल्ला फैलाउने, अरुलाई चुट्टै राख्ने र ईन्टरनेटमा उत्पिडन।

**दुर्व्येवहार भनेको के हो?**

कसैको लिङ, उमेर, जात, यौन अभिभिन्यास, मुल राष्ट्र, धर्म, अपाङ्ग अवस्था, अङ्रेजी भाषा प्रविणता, सामाजिक र आर्थिक अवस्था, र राजनीतिक विश्वाश ले गर्दा अप्रिय मौखिक, लिखित, चित्र द्वारा वा शारिरिक व्यवहार गरेको।

**माथिको दुई वटा व्यवहारहरु स्विकार गरिने छैन। उत्पिडन र दुर्व्येवहारको सम्पूर्ण घटनाहरु बिद्यालयको स्टाफ सदस्यलाई भन्नलाई अनुरोध गरिन्छ। उत्पिडन र दुर्व्येवहारको घटना भएमा आमा बुवा वा अभिभावकलाई सल्लाह्कार सँग संपर्क गर्न अनुरोध गरिन्छ।**

साउथवार्कले उत्पिडन र दुर्व्येवहारको सम्पूर्ण घटनाहरुको अनुसन्धान गर्ने छन् र अनुसन्धान पछी उपयुक्त कार्य लिने छन्।

पीडितको लागि: पीडितको आमा बुवा र अभिभावकहरुलाई थाहा पाएको व्यवहारहरु प्रती हस्तक्षेप, भविष्यको व्यवहारको मुल्याङ्कन गर्न, र पीडितलाई प्रतिशोध बचाउन बिद्यालयले लिएको बिशेष कादमहरुको बारे जानकारी प्रदान गरिन्छ।

अपराधी: अपराधीको आमा बुवा वा अभिभावकलाई थाहा पाएको व्यवहारहरु प्रती हस्तक्षेप, भविष्यको व्एवहाँर्को मुल्याङ्कन गर्न, र विद्यार्थी नियमावलीमा दिइएको परिणामको प्रस्तवको बारे जानकारी प्रदान गरिन्छ। परिणामहरुमा यि कुराहरु सम्मिलित छन् तर यि कुरामा मात्र सिमित छैनन्:

- आमा बुवा सँग सम्मेलन
- आमा बुवा सँगको तुरुन्तै सम्मेलनकोलागी निशकाशन पत्र
- खाना खाने बेला छुट्टै राख्ने
- बिद्यालय भित्र निलम्बन
- व्यवहार हस्तक्षेप कक्षा
- आर टि आइ आइ लाई सिफारिश गरिने (Behavioral Referral to RtII)
- १ दिन देखि १० दिन सम्मको बिद्यालय बाहिर निलम्बन
- हस्तक्षेप र सरुवाको लागि प्रशासनिक सिफारिश सुन्वाइ र निश्काशन कार्यालयको लागि उल्लेख गरिने
- अनुशासनात्मक बिद्यालयको लागि (कक्षा ६ देखी ८ सम्म) प्रशासनिक सिफारिश सुन्वाइ र निश्काशन कार्यालयको लागि उल्लेख गरिने